**आकाशवाणी समाचार- नेपाली**

**मितिः ०६ मई २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा भियतनामका राष्ट्रपति टो लामसँग वार्ता गर्नुहुनेछ।

२. चुनाव आयोगले पश्चिम बंगालमा नयाँ विधानसभाको गठनको लागि अधिसूचना जारी गरेको छ फलस्वरूप नयाँ सरकार गठनको लागि बाटो खुला भएको छ।

३. पश्चिम बंगालकी निवर्तमान मुख्यमन्त्री ममता ब्यानर्जीले राजीनामा नदिने भनी गरेको आरोपित बयानको भाजपाले चिन्ताजनक बताएको छ|

४. शिक्षामन्त्री धर्मेन्द्र प्रधानले आज नयाँ दिल्लीको विज्ञान भवनमा 'विद्यालय व्यवस्थापन समिति निर्देशिका २०२६' जारी गर्नुहुनेछ।

५. सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले इलेक्ट्रिक वाहनहरु किन्नलाई जनतामा उत्साह बढिरहेको बताउनु भएको छ।

**प्रधानमन्त्री – भियतनामका राष्ट्रपति**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा भियतनामका राष्ट्रपति टो लामसँग वार्ता गर्नुहुनेछ। दुई नेताहरुले द्विपक्षीय सम्बन्धका विभिन्न पक्षहरूका साथै पारस्परिक हितका क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूलाई समेटेर व्यापक छलफल गर्नु हुनेछ। भियतनामका राष्ट्रपति हिजो भारतको तीन दिने भ्रमणमा नयाँ दिल्ली आइपुग्नु भएको थियो। गृह राज्यमन्त्री नित्यानन्द रायले विमानस्थलमा उहाँको स्वागत गर्नु भएको थियो। उहाँसँगै भियतनामी सरकारका धेरै मन्त्रीहरू र वरिष्ठ अधिकारीहरू सम्मिलित उच्चस्तरीय प्रतिनिधिमण्डल पनि रहेको छ। उहाँसँगै एक व्यापारिक प्रतिनिधिमण्डल पनि गएको छ। यस वर्षको अप्रेलमा भियतनामको राष्ट्रपति निर्वाचित भएपछि राष्ट्रपति तो लामको यो पहिलो भारत भ्रमण हो।

**बाइट**

**ट्रम्प – प्रधानमन्त्री मोदी**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतीय जनता पार्टीको विधानसभा चुनावमा विजय हासिल गरेकोमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई बधाई दिनु भएको छ। ह्वाइट हाउसका प्रवक्ता कुश देसाईले राष्ट्रपति ट्रम्पले यस ऐतिहासिक चुनावी विजयमा प्रधानमन्त्री श्री मोदीलाई शुभकामना व्यक्त गर्नु भएको बताउनु भएको छ। पश्चिम बंगाल विधानसभा चुनावमा भाजपाले २९४ सिटमध्ये २०६ सिट जितेको थियो। ममता ब्यानर्जीको नेतृत्वमा रहेको तृणमूल कांग्रेसले ८० सिट मात्र जितेको थियो। असममा भारतीय जनता पार्टी लगातार तेस्रो कार्यकालको लागि सत्ता कायम राख्न सफल भयो। पुडुचेरीमा, राष्ट्रिय लोकतान्त्रिक गठबन्धनले ३० मध्ये १८ सिट जितेर स्पष्ट बहुमत हासिल गरेको छ।

**निर्वाचन आयोग -अधिसूचना**

चुनाव आयोगले पश्चिम बंगालमा नयाँ विधानसभाको गठनको लागि अधिसूचना जारी गरेको छ। पश्चिम बंगालका राज्यपाललाई यो अधिसूचना पठाइएसँगै निर्वाचन प्रक्रिया औपचारिक रूपमा समाप्त भएको छ। फलस्वरूप नयाँ सरकार गठनको लागि बाटो खुला भएको छ। आयोगले भनेको छ, परिणाम घोषणापछि यो अधिसूचना जारी गर्नु एक महत्वपूर्ण संवैधानिक कदम हो। यसले स्थापित प्रक्रियाहरू अनुसार सरकार गठनको पछिल्ला चरणहरू सुरु गर्ने मार्ग प्रशस्त गर्दछ। वैधानिक ढाँचाको कडाईका साथ पालना गर्दै मतदानदेखि मत गणनासम्मको सम्पूर्ण प्रक्रिया स्वतन्त्र, निष्पक्ष र पारदर्शी रूपमा सम्पन्न भएको छ। अधिसूचनाले निर्वाचित प्रतिनिधिहरूको शपथ ग्रहण र राज्यमा नयाँ सरकार गठनको लागि मार्ग प्रशस्त गरेको छ।

**निर्वाचन आयोग – पश्चिम बंगाल निर्देशनहरू**

निर्वाचन आयोगले पश्चिम बंगालका मुख्य सचिव, पुलिस महानिदेशक र केन्द्रीय सशस्त्र पुलिस बललाई निर्वाचनपछि हुने कुनै पनि हिंसालाई सम्बोधन गर्न कडा निर्देशन जारी गरेको छ। आयोगले विधानसभा चुनावको नतिजा घोषणा भएपछि कानून व्यवस्था कायम राख्न कडा र तत्काल कारबाहीको आवश्यकतामा जोड दिएको छ। अधिकारीहरूलाई सबै नागरिकहरू - विशेष गरी कमजोर समूहहरू र राजनीतिक कार्यकर्ताहरूको सुरक्षा सुनिश्चित गर्न र संवेदनशील क्षेत्रहरूमा सुरक्षा बलको उपस्थिति कायम राख्न पनि निर्देशन दिइएको छ। आयोगले केन्द्रीय सशस्त्र पुलिस बलले शान्ति कायम राख्न पश्चिम बंगाल पुलिसलाई सहयोग गरिरहने बताएको छ, जबकि जिल्ला प्रशासनहरूलाई परिस्थितिलाई नजिकबाट निगरानी राख्न र सबै तहमा जवाफदेहिता सुनिश्चित गर्न भनिएको छ। आयोगले भनेको छ, स्वतन्त्र र निष्पक्ष चुनावहरू केवल मतदान र मतगणना प्रक्रियाहरूमा मात्र सीमित छैनन्, तर चुनावको परिणामपछिको वातावरणलाई पनि समेट्छन्।

**भाजपा-ममता**

भारतीय जनता पार्टीले भारत एक लोकतन्त्र हो र यसलाई सधैं सम्मान गरिनुपर्छ भनी बताएको छ। पश्चिम बंगालकी निवर्तमान मुख्यमन्त्री ममता ब्यानर्जीले राजीनामा नदिने भनी गरेको आरोपित बयानको जवाफ दिँदै भाजपा प्रवक्ता संबित पात्राले यी टिप्पणीहरूलाई अराजक भन्नु भएको छ र त्यस्ता बयान दिन संयम अपनाउन आग्रह गर्नु भयो। पात्राले यी टिप्पणीहरू चिन्ताजनक भएको उल्लेख गर्नु भयो, किनकि देशको लोकतन्त्रमा सत्ता हस्तान्तरण ऐतिहासिक रूपमा सधैं शान्तिपूर्ण रूपमा भएको छ। उहाँले भन्नु भयो, यो केवल भाजपामाथिको आक्रमण मात्र होइन, लोकतन्त्र र संविधानमाथिको आक्रमण हो।

**बाइट**

**शिक्षामन्त्री धर्मेन्द्र प्रधान विद्यालय व्यवस्थापन समितिहरू**

शिक्षामन्त्री धर्मेन्द्र प्रधानले आज नयाँ दिल्लीको विज्ञान भवनमा 'विद्यालय व्यवस्थापन समिति निर्देशिका २०२६' जारी गर्नुहुनेछ। विद्यालय प्रबन्धन समितिहरु निपुण भारत मिशन अन्तर्गत बालबालिकाहरूमा आधारभूत पठन, लेखन र संख्यात्मक सीपहरू सुदृढ पार्न विद्यालय व्यवस्थापन समितिहरूले महत्त्वपूर्ण भूमिका खेल्छन्। यो पहल राष्ट्रिय शिक्षा नीति २०२० को उद्देश्यसँग मेल खान्छ, जसले कक्षा २ सम्मका सबै बालबालिकाहरूको लागि आधारभूत साक्षरता र संख्यात्मक सीपहरू सुनिश्चित गर्न जोड दिन्छ।

**गडकरी-ऑटो समिट**

सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले इलेक्ट्रिक वाहनहरु किन्नलाई जनतामा उत्साह बढिरहेको बताउनु भएको छ। उहाँ नयाँ दिल्लीमा आयोजित निजी अटो समिटमा बोल्दै हुनुहुन्थ्यो। श्री गडकरीले जीवाश्म इन्धनको उत्तम विकल्प पहिचान गर्न र जनतामाझ यसको व्यापक प्रयोगलाई प्रवर्द्धन गर्न व्यापक अनुसन्धान भइरहेको उल्लेख गर्नु भयो। उहाँले अझ जानकारी दिनु भयो, दिल्लीको राष्ट्रिय राजधानी क्षेत्र एनसीआरमा हाल 60 हजार करोडको लागतमा सडकहरू निर्माण भइरहेको छ। श्री गडकरीले भन्नु भयो, भारतीय उद्योगले बायोमासबाट बायो-सीएनजी उत्पादन गर्ने काम पनि गरिरहेको छ। वैकल्पिक इन्धनको उत्पादनमा किसानहरूले खेल्ने महत्त्वपूर्ण भूमिकालाई जोड दिनु हुँदै श्री गडकरीले भन्नु भयो, किसानहरूको भूमिका अब खाद्य उत्पादक बन्नमा मात्र सीमित छैन उनीहरू अब ऊर्जा, बिटुमेन र हाइड्रोजनको उत्पादकको रूपमा पनि देखा परेका छन्।

**जुएल ओराम – ईएमआरएस**

केन्द्रीय आदिवासी मामिला मन्त्री जएल ओरामले हिजो नयाँ दिल्लीमा देशभर एकलव्य मोडेल आवासीय विद्यालय **ईएमआरएस**को निर्माणको प्रगतिको समीक्षा गर्न उच्चस्तरीय बैठकको अध्यक्षता गर्नुभयो। बैठकको क्रममा उहाँले **ईएमआरएस** निर्माण कार्यको प्रगतिको विस्तृत समीक्षा गर्नुभयो र यी परियोजनाहरूको समयमै सम्पन्नतामा जोड दिनुभयो। श्री ओरामले दुर्गम र विपन्न क्षेत्रहरूमा आदिवासी विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न यी विद्यालयहरूले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनु भयो। उहाँले सार्वजनिक क्षेत्रका उपक्रमहरू, केन्द्रीय सार्वजनिक निर्माण विभाग र विभिन्न राज्य सरकारका विभागहरूसहित सबै कार्यान्वयन एजेन्सीहरूलाई परियोजना स्थलहरूमा निर्माण गतिविधिहरू तीव्र पार्न निर्देशन दिनुभयो।

**ब्रिक्स - ईडब्ल्यूजी**

भारतको अध्यक्षतामा  ब्रिक्स रोजगार कार्य समूहको दोस्रो बैठक आज तिरुवनन्तपुरममा सुरु हुँदैछ। यस दुई दिने बैठकमा ब्रिक्स सदस्य राष्ट्रका प्रतिनिधिहरूले श्रम, रोजगारी र कामदार कल्याण सम्बन्धी मुद्दाहरूमा छलफल गर्नेछन्। श्रम तथा रोजगार मन्त्रालयले बताए अनुसार बैठकमा सदस्य देशहरूले सामाजिक सुरक्षा प्रणाली बढाउने, श्रम बजारलाई औपचारिक बनाउने र कार्यबलमा महिलाको सहभागिता बढाउने बारेमा छलफल गर्नेछन्।

**आईपीएल क्रिकेट**

आईपीएल क्रिकेटमा चेन्नई सुपर किंग्सले दिल्ली क्यापिटल्सलाई आठ विकेटले पराजित गरेको छ। हिजो नयाँ दिल्लीमा पहिले ब्याटिङ गर्दै दिल्ली क्यापिटल्सले निर्धारित २० ओभरमा सात विकेट गुमाएर १५५ रन बनाएको थियो। आईपीएल क्रिकेटमा आज सनराइजर्स हैदराबादले पञ्जाब किंग्सको सामना गर्नेछ। यो म्याच हैदराबादमा साँझ ७:३० बजे सुरु हुनेछ।

**एनआईए – आतंकवादी षड्यन्त्र**

राष्ट्रिय अनुसन्धान एजेन्सी एनआईएले इस्लामिक स्टेट आतंकवादी संगठनसँग सम्बन्धित जैविक आतंकवादी हमला गर्ने षड्यन्त्र रचेको आरोपमा तीनजना व्यक्तिविरुद्ध आरोप पत्र दायर गरेको छ। यस षड्यन्त्रको उद्देश्य सार्वजनिक स्थानमा मानिसहरूलाई रिसिन नामक घातक जैविक विष खुवाउनु थियो। रिसिन अरंडीको बीउबाट प्राप्त हुन्छ र रासायनिक हतियारको अनुसूचीमा सूचीबद्ध छ। यस षड्यन्त्रका प्रमुख अभियुक्तहरू हैदराबादका सैयद अहमद मोहिउद्दीन र उत्तर प्रदेशका आजाद र मोहम्मद सुहेल हुन्। गैरकानूनी गतिविधि रोकथाम ऐन, भारतीय न्याय संहिता र हतियार ऐन अन्तर्गत अहमदाबादको विशेष अदालतमा उनीहरूविरुद्ध आरोप पत्र दायर गरिएको छ। अभियुक्तहरूले प्रभावशाली युवाहरूलाई भर्ती गर्ने, आतंक फैलाउने र जैविक आतंकवादी हमलाको तयारी गर्ने प्रयास गरेका थिए।

**दिल्ली सरकार - वेतन**

दिल्ली सरकारले व्यावसायिक शिक्षकहरू र समग्र शिक्षा अभियान अन्तर्गत काम गर्ने शिक्षकहरूको वेतन वृद्धिलाई अनुमोदन गरेको छ। मुख्यमन्त्री रेखा गुप्ताले भन्नु भयो, दिल्लीका विभिन्न विषयहरुमा कौशल आधारित प्रशिक्षण प्रदान गर्ने लगभग १ हजार १ सय ३० व्यावसायिक शिक्षकहरूले अब मासिक ३८ हजार १ सय रुपियाँ वेतन पाउनेछन्। यसबाहेक समग्र शिक्षा अभियान अन्तर्गत ७ सय ८४ केन्द्रहरूमा काम गर्ने शिक्षकहरूको मासिक तलब २१ हजारबाट बढाएर ३५ हजार ४ सय २० गरिएको छ।

**आईएनएस सुनयना - म्यानमार**

भारतीय नौसेना जहाज आईएनएस सुनयना म्यानमारको याङ्गुन बन्दरगाहमा आइपुगेको छ। यो तैनाथी नौसेना प्रमुख एडमिरल दिनेश के. त्रिपाठीको म्यानमार भ्रमणसँगै भएको हो। रक्षा मन्त्रालयले यो तैनाथी भारतको 'महासागर विजनको अनुरूप रहेको छ र यस क्षेत्रमा भारतको निरन्तर समुद्री संलग्नता र सहयोगी रणनीतिहरूको एक भागको रूपमा गरिएको बताएको छ।